# पुर्चौडी नगरपालिका को आर्थिक ऐन, २०७६

<u>सभा बाट स्वीकृत मिति : २०७६।०३।२६</u>

पुर्चौडी नगरपालिकाको आर्थिक बर्ष २०७६/०७७ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानिय कर तथा शुल्क संकलन गने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वान्छनिय भएकोले, नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम पुर्चौडी नगर सभाले यो ऐन बनाएको छ ।

**<u>१. संक्षिप्त नाम र प्रारम्भ :</u>** (१) यस ऐनको नाम "आर्थिक ऐन २०७६" रहेको छ ।

क) यो एन २०७६ साल श्रावण १ गते देखि पुर्चौडी नगरपालिका क्षेत्रमा लागु हुने छ ।

**<u>२. सम्पति कर :</u>** नगरपालिका क्षेत्र भित्र अनुसुचि (१) अनुसार सम्पति कर लगाईने र असुल उपर गरिने छ ।

**<u>३. घर बहाल कर :</u>** नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा, पोखरी पूरै वा आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (२) बमोजिम घर जग्गा वहाल कर लगाईने र असुल उपर गरिने छ ।

**<u>४. मालपोत तथा घर कर :</u>** नगरपालिका क्षेत्र भित्र अनुसुचि (३) अनुसार मालपोत र अनुसुचि (३) को (क) अनुसार घर कर लगाईने र असुल उपर गरिने छ ।

**<u>५.व्यवसाय कर :</u>** नगरपालिका क्षेत्रभित्र व्यापार,व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (४) बमोजिम व्यवसाय कर लगाईने र असूल उपर गरिने छ ।

**<u>६. जडिबुटि, कवाडी र जीवजन्तु कर :</u>** नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटि, वनकस, कवाडी माल र प्रचलित कानुनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता वस्तुको व्यवसायिक कारोवार गरेवाफत अनुसूचि(४) बमोजिम कर लगाईने र असूल उपर गरिनेछ ।

**७.बिज्ञापन कर :** नगरपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (४) बमोजिम विज्ञापन कर लगाईने र असूल उपर गरिनेछ । तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

**८. मनोरन्जन कर :** नगरपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि (४) बमोजिम व्यवसाय कर लगाईने र असूल उपर गरिनेछ । तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

**९. बहाल बिटौरी शुल्क :** नगरपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि (४) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोहि अनुसूचिमा भएको व्यवस्था अनुसार बहाल बिटौरी शुल्क लगाईने र असूल उपर गरिनेछ ।

**१०. पार्किङ्ग शुल्क :** नगरपालिका क्षेत्र भित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए बाफत अनुसुची (४) बमोजिम पार्किङ शुल्क लगाईने र असूल उपर गरिनेछ ।

**११. सेवा शुल्क, दस्तुर तथा सिफारिस :** नगरपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनुसूची (४) मा उल्लेखित स्थानिय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचीमा व्यवस्था भए अनुसार शुल्क तथा सिफारिस दस्तुर लगाइने र असुल उपर गरिनेछ ।

**१२. पर्यटन शुल्क :** नगरपालिकाले आफ्नो क्षेत्र भित्र प्रबेश गर्ने पर्यटकहरुबाट अनुसूची (४)मा उल्लेखित दरमा पर्यटन शुल्क लगाइने र असुल उपर गरिनेछ । तर प्रदेश कानुन स्वीकृत भइ सो कानुनमा अन्यथा व्यवस्था गरिएमा सोही बमोजिम हुनेछ ।

**१३. कर छुट :** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाइ कुनै पनि किसिमको कर छुट दिइने छैन ।

**१४. कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि :** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क सम्बन्धी कार्यबिधि नगरपालिकाले तोके अनुसार हुनेछ ।

**१५.** दफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनी यस नगरपालिको क्षेत्र भित्र दफा (२)बमोजीम सम्पत्ति कर उठाउने कार्यको ब्यबस्थापन तथा कार्यान्वयन हुन नसकेको अवस्थामा मात्र मालपोत तथा घर कर असुल उपर गरिनेछ ।

# नगर सभाबाटपारित पुर्चौंडी नगरपालिकाको आ.व.२०७६।०७७ का लागी करको निर्धारित दर रेट

**एकिकृत सम्पत्ति करको दर** : **अनुसूचि - १**

| सि.न. | घरजग्गाको मूल्य | बर्षिक करको दर रु. |
|---|---|---|
| १. | रु. एक लाख सम्म | रु.१००। |
| २. | रु. एक लाख देखि पांच लाख सम्म | रु.१५०। |
| ३. | रु. पाँच लाख देखि दश लाख सम्म | रु.२५०। |
| ४. | रु. दश लाख देखि बीस लाख सम्म | रु.५००। |
| ५. | रु. बीस लाख देखि माथी | रु.१०००। |

**घर बहाल करको दर :** **अनुसची - २**

| सिं.नं. | बिवरण | करको दर |
|---|---|---|
| १ | बहाल कर | आम्दानीको १० प्रतिशत (%) |

**मालपोत कर :** **अनुसूचि - ३**

| सि.न. | किसिम | प्रति रोपनी | |
|---|---|---|---|
| | | खेत | पाखो |
| १. | अब्बल | रु.१० | रु.०८ |
| २. | दोयम | रु.०८ | रु.०७ |
| ३. | सिम | रु.०७ | रु.०५ |
| ४. | चाहार | रु.०५ | रु.०३ |

**घर कर :** **अनुसूचि - ३ (क)**

| क.स. | घरको किसिम | दर रेट | |
|---|---|---|---|
| | | आवाशिय प्रयोजन | ब्यबसायीक प्रयोजन |
| १. | ढुङ्गा माटोको जोडाई २/३ तले स्लेटले छाएको घर | ४० | ५५ |
| २. | ढुङ्गा माटोको जोडाई टिनले छाएको घर | ४५ | ८० |
| ३. | टिनले बारेको र छाएको छाप्रो | ४० | ५० |

| | | | |
|---|---|---|---|
| **४.** | ढुङ्गा माटो सहित सिमेन्टले प्लाष्टर गरेको घर | **५०** | **१००** |
| **५.** | पिल्लर बिम सहितको टिनले छाएको घर | **७५** | **१२५** |
| **६.** | पिल्लर बिम सहितको ढलान गरिएको घर | **१००** | **१५०** |
| **७.** | घरको नक्सा पास निबेदन दस्तुर | **१००** | **१००** |
| **८.** | नक्सा पास दस्तुर ( घरले चर्चेको क्षेत्रफलको ) | **प्रति बर्ग फिट रु. २ का दरले** | |

**सेवा, शुल्क, सिफारिस, दर्ता, नबिकरण र अन्य दस्तुर सम्बन्धी :** **अनुसूचि - ४**

| **सि नं** | **विवरण** | **दररेट** | **कैफियत** |
|---|---|---|---|
| १ | घर जग्गा नामसारी सिफारिस | १०० | |
| २ | मोही लगत कट्टा सिफारिस | १०० | |
| ३ | घर कायम सिफारिस | १०० | |
| ४ | छात्रबृत्ति सिफारिस | 100 | |
| ५ | विपन्न विद्यार्थी छात्रबृत्ति सिफरिस | १०० | |
| ६ | अपांग सिफरिस | १०० | |
| ७ | अस्थायी बसोवास सिफारिस | १०० | |
| ८ | स्थायी वसोवास सिफारिस | १०० | |
| ९ | नागरिकता र प्रतिलिपि सिफारिस | 100 / 125 | |
| १० | अंगिकृत नागरिकता सिफारिस | २५० | |
| ११ | आर्थिक अवस्था कमजोर वा विपन्नता प्रमाणित | १०० | |
| १२ | आर्थिक अवस्था बलियो वा सम्पन्नता प्रमाणित | १००० | |
| १३ | विद्युत् जडान सिफारिस | २५० | |
| १४ | धारा जडान सिफारिस | १०० | |
| १५ | जिवित रहेको सिफारिस | १०० | |
| १६ | दुवै नाम गरेको व्यक्ति एउटै हो भन्ने सिफारिस/फरक जन्म मिति संशोधन सिफारिस | १५० | |
| १७ | जग्गा मूल्याङ्कन सिफारिस र प्रमाणित | ५०० | |
| १०८ | व्यवसाय वन्द सिफारिस | १०० | |
| १९ | व्यवसाय सञ्चालन नभएको सिफारिस | १०० | |
| २० | व्यापार व्यवसाय नभएको सिफारिस | १०० | |

| | | | |
|---|---|---|---|
| २१ | कोट फी मिनाहा सिफारिस | १०० | |
| २२ | नावालक परिचयपत्र सिफारिस | १०० | |
| २३ | चौपाय सम्बन्धी सिफारिस | २५० | |
| २४ | व्यवसाय दर्ता सिफारिस | ५०० – ५०००० | |
| २५ | उद्योग ठाउँसारी सिफारिस | १००० | |
| २६ | विद्यालय ठाउँसारी सिफारिस | ५०० | |
| २७ | आन्तिरिक बसाइँसराई सिफारिस | १०० | |
| २८ | व्यक्तिगत विवरण सिफारिस | १०० | |
| २९ | | | |
| ३० | जग्गादर्ता सिफारिस | १२५ | |
| ३१ | संरक्षक सिफारिस (व्यक्तिगत) | १०० | |
| ३२ | संरक्षक सिफारिस (संस्थागत) | ५०० | |
| ३३ | नेपाल सरकारको नाममा बाटो कायम सिफारिस | ५०० | |
| ३४ | जिवित संगको नाता प्रमाणित | २०० | |
| ३५ | मृतक संगको नाता प्रमाणित | २०० | |
| ३६ | कोठा खोल्ने कार्य/रोहवरमा वस्ने कार्य | १०० | |
| ३७ | निशुल्क वा सशुल्क स्वास्थ्यउपचार सिफारिस | ५०० | |
| ३८ | अन्य कार्यालयको माग अनुसार विवरण खुलाइ पठाउने कार्य | ५०० | |
| ३९ | संस्था दर्ता सिफारिस | १००० | |
| ४० | घरबाटो प्रमाणित | १०० | |
| ४१ | चार किल्ला प्रमाणित | १०० | |
| ४२ | जन्म मिति प्रमाणित | १५० | |
| ४३ | विवाह प्रमाणित | १५० | |
| ४५ | कागज मन्जुरीनामा प्रमाणित | २०० | |
| ४६ | हकवाला वा हकदार प्रमाणित | २०० | |
| ४७ | अविवाहित प्रमाणित | १०० | |
| ४८ | जग्गा रेखाङ्कनको कार्य वा सो कार्यमा रोहवर | ३०० | |
| ४९ | जग्गाधनीपूर्जा हराएको सिफारिस | १०० | |

| | | | |
|---|---|---|---|
| ५० | पूर्जामा घर कायम गर्ने सिफारिस | १५० | |
| ५१ | अंग्रेजी सिफारिस तथा प्रमाणित | २५० | |
| ५२ | मिलापत्र कागज/उजुरी दर्ता | ५०० | |
| ५५ | विज्ञापन कर | ५०० | |
| ५७ | जन्मदर्ता | १०० | |
| ५८ | मृत्यु दर्ता | ५० | |
| ५९ | वसाई सराई आउने/जाने दर्ता | १०० | |
| ६० | पक्का घरको सर्जमिन वापत | ५०० | |
| ६१ | अन्य सवै प्रयोजनको सर्जमिन वापत | २५० | |
| ६२ | अचल सम्पत्ति मूल्याकंन | ५० लाख सम्म रु. ५००० र सो भन्दा माथी ०.०५ प्रतिशतका दरले | |
| ६३ | रकम कलम उढाई दिए वापत | उठाईको रकमको ५ प्रतिशत (%) | |
| ६४ | सम्वन्ध विच्छेद दर्ता | ५० | |
| ६५ | विवाह दर्ता | १०० | |
| ६६ | बन्दुक लाईसेन्स नबिकरण दस्तुर | ५०० | |
| ६७ | मंदिरा ब्यबशाय बार्षीक कर | ५००० | |
| ६८ | कपडा खाद्यान्न, हाड्रवेयर, पुस्तकपसल, | १००० | |
| ६९ | खाना चिया नास्ता होटल | १००० | |
| ७० | सामान्य चिया नास्ता | ५०० | |
| ७१ | सिलाई कटाई | ५०० | |
| ७२ | ओषधी पसल | १००० | |
| ७३ | मासु पसल | १००० | |
| ७४ | प्राकृतिक सोत उपभोग कर बालुवा गिट्टी प्रति कट्टा | रु.२ | ब्यक्तिगत |
| ७५ | प्राकृतिक सोत उपभोग कर बालुवा गिट्टी प्रति कट्टा | रु.३ | संस्थागत |
| ७६ | सुन चाँदी पसल | १००० | |
| ७७ | ल.ज. बि. आयोजना | ५०० | |
| ७८ | पानी घट्ट | १५० | |
| ७९ | सिलेट खानी प्रतिस्लेट | ५ | |
| ८० | ढुंगा प्रति घनमिटर | ५ | |
| ८१ | बहाल बिटौरी प्रतिवर्ग फीट | १ -५ | |

| | | | |
|---|---|---|---|
| ८२ | किराना पसल (वार्षिक) | ५०० | |
| ८३ | नगर सभाहल ( दैनिक) | १००० | |
| ८४ | वडा कार्यालयका सभाहल ( दैनिक) | ५०० | |
| ८४ | (घ) बर्गको निर्माण ब्यावसायी इजाजत पत्र दस्तुर | १०००० | |
| ८५ | (घ) बर्गको निर्माण ब्यावसायी इजाजत पत्र नवीकरण दस्तुर | २००० | |
| ८६ | खसी बाखा निर्यात प्रति गोटा | १०० | |
| ८७ | भैंसी  प्रति गोटा | ३०० | |
| ८८ | भटमास प्रति के.जी | १ | |
| ८९ | कुटानी पिसानी मिल | १००० | |
| ९० | तेल पेल्ने मिल | १००० | |
| ९१ | अमिनको सेवा लिएको | १००० (प्रति पटक ) | ब्यक्तिगत |
| ९२ | अमिनको सेवा लिएको | १५०० (प्रति पटक ) | संस्थागत |
| ९३ | कृषि तथा पशु पालन फर्म दर्ता शुल्क | ५०० | |
| ९४ | कृषि तथा पशु पालन फर्म नबिकरण शुल्क | २०० | |

**पुनश्च :** माथि उल्लेख भएका बाहेक अन्य व्यावसायिक तथा अन्य क्षेत्रहरुमा कर तथा दस्तुर तोक्नु पर्ने भएमा नेपाल सरकारको कानुन संग नबाभिने गरि नगर कार्यपालिकाको बैठकले निर्णय गरी नगर सभाबाट अनुमोदन गराउने गरी दर बनाई लागू गर्न सिफारिस छ ।